# दक्षिणकाली नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
**बागमती प्रदेश**
फर्पिङ, काठमाडौं

## शिलवन्दी दरभाउपत्र पेश सम्बन्धमा

प्रथम पटक प्रकाशित मिति २०७७/०२/२७

यस नगरपालिकाले सामाजिक विकास मन्त्रालय हेटौंडाको मिति २०७६/७७ को वार्षिक MSS कार्यक्रम अन्तर्गत आवश्यक मेडिकल उपकरण खरिद गर्नुपर्ने भएकोले इच्छुक योग्यता पुगेका निर्माता / फर्म / सप्लायर्स वा कम्पनीहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा रितपूर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ साथै अन्य विस्तृत जानकारीको लागि www.dakshinkalimun.gov.np मा हेर्नहुन अनुरोध छ।

**प्रमुख प्रशासकीय अधिकृत**

**Published on: 2077-02-27(9th June, 2020, Nagarik Daily)**

# दक्षिणकाली नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बागमति प्रदेश

फर्पिङ, काठमाडौ ।

प्रथम पटक प्रकाशित मिति २०७७/०२/२७

यस नगरपालिकाले सामाजिक विकास मन्त्रालय हेटौडाको मिति २०७६/७७ को वार्षिक MSS कार्यक्रम अन्तरगत आवश्यक मेडिकल उपकरण खरिद गर्नुपर्ने भएकोले इच्छुक योग्यता पुगेका निर्माता / फर्म / सप्लायर्स वा कम्पनीहरुले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा रितपूर्वक शिलवन्दी दरभाउपत्र तपशिलको शर्तहरुको अधिनमा रहि पेश गर्न आह्वान गरिन्छ ।

- शिलवन्दी दरभाउपत्रको शुल्क रु.१०००/-
- शिलवन्दी दरभाउ खरिद गर्ने अन्तिम मिति र स्थान:- २०७७/०३/०९ गते कार्यालय समय भित्र, दक्षिणकाली नगरपालिका ।
- शिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र स्थान:- २०७७/०३/१० गते दिनको १२ वजे सम्म, दक्षिणकाली नगरपालिकाको कार्यालय ।
- शिलवन्दी दरभाउपत्र खोलिने मिति र स्थान:- २०७७/०३/१० गते दिनको २ वजे, दक्षिणकाली नगरपालिकाको कार्यालय ।
- शिलवन्दी दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजिनक विदा पर्न गएमा सो दिनलाई एक दिन पछाडी सारिनेछ।

- दरभाउपत्र खरिद गर्नका लागी व्यक्ति वाहेक संस्था वा फर्मको हकमा यस नगरपालिकामा सूचि दर्ता गर्नुपर्नेछ । प्रति एक फर्मको सूचि दर्ताको शुल्क रु.५००/- हुनेछ।
- शिलवन्दी दरभाउपत्रमा दरभाउपत्रदाताले कवोल गरेको ५ प्रतिशत रकम धरौटी वापत यस नगरपालिकाको फर्पिङ स्थित राष्ट्रिय वाणिज्य वैंकको खाता नं. १२०००३०३००००००२ मा जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दाताले दर्ता गर्ने मितिले ९० दिन अवधि रहेको वाणिज्य वैंकको यस नगरपालिकाको नाममा जारी गरिएको जमानत पत्र संलग्न राख्नुपर्नेछ ।
- शिलवन्दी दरभाउपत्र खोल्दा यस कार्यालयको कर्मचारी र प्रतिनिधिको रोहवरमा खोलिने छ तर दरभाउपत्र दाताको प्रतिनिधिको उपस्थिती हुन सकेन भने पनि खोल्न बाधा पर्ने छैन ।
- दरभाउपत्रमा दर अंक र अक्षर महलमा स्पष्ट खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । कुनै महलमा दर उल्लेख गर्न छुट भएमा सो दरभाउपत्र मान्य हुनेछैन । मूल्य अभिवृद्दी कर लाग्ने आइटमको विवरण उल्लेख गर्नुपर्नेछ । विवरण उल्लेख नभएको वस्तुको मूल्य अभिवृद्दी कर भूक्तानी गरिने छैन ।
- दरभाउपत्र दाताले पुरा ठेगान तथा फोन नम्वर र भए फ्याक्स तथा मोवाइल नं. खुलाउनु पर्नेछ । दरभाउ स्वीकृत भएको जानकारी पाएर पनि तोकिएको समय भित्र सम्झौता गर्न नआएमा दरभाउपत्र रद्द गरी निजले राखेको धरौटी जफत गरी नजिकको दोस्रो दरभाउपत्र स्विकृत गरि सम्झौता गरिनेछ ।
- सामाग्रीको हस्तान्तरण सम्वन्धमा यस दक्षिणकाली नगरपालिकाको वडा नं. ०१ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र चाल्नाखेलमा ढुवानी, जडान गरी सो उपकरण संचालनको लागी सम्वन्धित कर्मचारीलाई तालिम दिनुपर्नेछ ।उल्लेखित कार्यहरुको लागी लाग्ने खर्चको व्यवस्था दरभाउपत्र दाताले नै गर्नुपर्नेछ ।
- सम्वन्धित उपकरणहरुको वारेन्टी कम्तिमा २ वर्षको हुनुपर्नेछ ।

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
२०७३

- एक फर्म र कम्पनीको नामबाट खरिद गरिएको दरभाउपत्र फाराम अर्को कम्पनीको नामबाट दाखिला गर्न पाइने छैन ।
- दरभाउपत्र दाताले दरभाउ पेश गर्दा निम्न लिखित कागजात संलग्न गर्नुपर्नेछ ।
    - आ.व.२०७५/७६ को करचुक्ता प्रमाणपत्रको छायाँप्रति
    - नविकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र छायाँप्रति
    - उपकरण सप्लायर्स इजाजत पत्रको छायाँप्रति
    - मु.अ.कर दर्ता प्रमाणित प्रतिलिपि
    - नागरिकताको प्रमाणपत्र छायाँप्रति
    - स्थानिय निकायमा व्यवसाय दर्ता भएकोमा सोको नविकरण सहितको प्रमाणपत्रको छायाँप्रति
    - उपकरणको ISO प्रमाणपत्रको छायाँप्रति
- यो सूचनामा उल्लेख हुन छुट भएका अन्य व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून वमोजिम हुनेछ र नगरपालिकाको निर्णयलाई नै अन्तिम मानिनेछ । अन्य कुरा वुझ्न परेमा यस नगरपालिकाको फोन नं.०१-४७१००२८ मा कार्यालय समय भित्र सम्पर्क गरि बुझ्न सकिनेछ ।